Nepali/नेपाली

जनमतसंग्रह 2023

# रोक्किनुहोस् र विचार गर्नुहोस्

यो जनमतसंग्रहमा
**सुचनाको स्रोतको जाँच गर्नुहोस्।**

यस जनमतसंग्रहको क्रममा तपाईंले प्रमाण नभएका, सन्दर्भविहिन वा भ्रम सिर्जना गर्ने अभिप्राय भएका समेत जानकारी प्राप्त गर्न सक्नुहुनेछ। राम्रो जानकार हुनको लागि, जानकारी उपयोग गर्दा एक समालोचनात्मक विचारक बन्नुहोस् र सो जानकारी ठीक तथा साँचो छ कि छैन भनेर सोच्नुहोस्।

## दुष्प्रचार (disinformation) विरूद्ध रणनीति

दुष्प्रचार (गलत सुचना) जानीजानी जनमतलाई भ्रमित तथा प्रभावित पार्ने अभिप्रायले डिजाइन गरिएको हुन्छ, र गलत सुचनाआफैं फैलिदैन। दुष्प्रचार फैलाउन खोज्ने व्यक्तिहरुले तपाईंलाई बहकाउनका निम्ति जानीजानी निम्न रणनीतिहरु प्रयोग गर्न सक्छन्:

**प्रश्नहरु मात्र सोध्ने**
मानिसहरुले जानाजानी कुनै कुरामा प्रमाण नै पेश नगरी शंका उत्पन्न गर्न प्रश्नहरु सोध्न सक्छन्। सोधिएका धेरजसो प्रश्नहरु वैध भएतापनि, खराब भावनामा सोधिएका वा निकै असम्भव परिस्थितिहरुका बारमा सोधिएका प्रश्नहरुको बार सतर्क रहनुहोस्। उक्त प्रश्न किन सोधिएको हो भनेर विचार गर्नुहोस् ।

**भावनात्मक भाषाको प्रयोग**
रिस वा डर जस्ता नकारात्मक भावनाहरु जगाउने कठोर भाषाको प्रयोगले विषयवस्तुलाई भाइरल हुन सजिलो बनाउन सक्छ। यदि तपाईंले आफूलाई प्रबलरूपमा भावनात्मक प्रतिक्रिया महसुस गराउने कुनै कुरा देख्नुभयो भने, रोक्नुहोस् र किन भनेर विचार गर्नुहोस् ।

**चेरी-पिकिङ्ग**
चेरी-पिकिङ्ग (सुचना लुकाउने कार्य) तब हुन्छ जब सन्दर्भ बिना जानकारी प्रदान गरिन्छ, जस्तै मुख्य स्रोत उल्लेख नगरिएका स्क्रिनसट (screenshots) वा तथ्यांकहरु।

## मतदाताको रुपमा तपाईंको भूमिका

जनमतसंग्रह कानुनले सञ्चार वा विज्ञापनमा हुने सत्यता नियन्त्रित गर्दैनन्। उपलब्ध जानकारी निम्नानुसार छन् कि छैनन् भनेर विचार गर्न समय लिनुहोस्:

### विश्वसनीय

**के यो विश्वसनीय वा पहिचान गर्न सकिने स्रोतबाट आएको हो?**
के तपाईंलाई जानकारीको स्रोत थाहा छ? के यो मान्यता प्राप्त मिडिया आउटलेट वा आधिकारिक सामाजिक सञ्जालको अकाउन्टबाट आएको हो? यदि तपाईं निश्चित हुनुहुन्न भने, अकाउन्ट भर्खर नयाँ बनाइएको हो कि हैन, वा यदि यसको अन्य पोस्टहरु छन् कि छैनन् भनेर चेक गर्नुहोस्।.

### ताजा

**यो कहिले प्रकाशित भयो?**
कुनै पोस्ट/ लेख आज सम्प्रेषण भएको थियो भन्दैमा त्यो ताजा जानकारी हो भन्ने हुँदैन। मुख्य स्रोत र प्रकाशन मिति सधैँ चेक गर्नुहोस्। अहिलेको सन्दर्भमा ठिक नहुन सक्ने पुराना पोस्ट/ लेखहरुलाई नयाँ जानकारी जस्तै देखिने गरी सम्प्रेषण गर्न सकिन्छ।

## ए.इ.सि. (AEC) को भूमिका

अष्ट्रेलियन निर्वाचन आयोग (ए.इ.सि. AEC) जनमतसंग्रह संचालन गर्ने जिम्मेवारी भएको एक स्वतन्त्र निकाय हो। AEC को भूमिका निम्नानुसार छन्:

**जनमतसंग्रहको प्रक्रिया बार भरपर्दो जानकारी प्रदान गर्ने**
AEC ले हाम्रो विज्ञापन अभियान, वेबसाइट, सम्पर्क केन्द्र र शोसल मिडिया अकाउन्टहरु मार्फत कसरी नामांकित हुने वा भोट गर्ने सम्बन्धी जानकारीमा सजिलो पहुँच प्रदान गर्छ। यदि यी प्रक्रियाहरु बार कुनै गलत जानकारी छ भने, AEC ले सो-रकर्ड सच्याउन काम गर्नेछ। यी प्रकियाहरु बाहेक - AEC को जनमतसंग्रह सञ्चारको सत्यता जाँच गर्नमा कुनै भूमिका हुँदैन।

**जनमतसंग्रहसँग सम्बन्धित सञ्चारको आधिकारिकता अनुसन्धान गर्ने**
जनमतसंग्रहसँग सम्बन्धित केही सञ्चारहरु तपाईंलाई सो जानकारीको श्रोतको बारमा थाहा पाउन सहयोग गर्नको लागि अधिकृत हुन आवश्यक हुन्छ।

**Yes and No (एस एण्ड नो) अभियान सामग्री**
AEC आधिकारिक Yes एण्ड No अभियानहरुबाट जानकारी समावेश हुने जनमतसंग्रह पाम्फ्लेट जारी गर्न जिम्मेवार भएतापनि, AEC को यी सञ्चारहरुमा भएको सत्यतालाई नियमित गर्ने भूमिका भने हुँदैन।

aec.gov.au/translated 1300 720 153

AEC Australian Electoral Commission

AEC23/1804

निर्वाचन आयुक्तबाट जारी गर्न अधिकार प्राप्त, क्यानबेरा
Authorised by the Electoral Commissioner, Canberra